नेपाल सरकार
# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सामाजिक समावेशीकरण तथा सामाजिक सुरक्षा शाखा
सिंहदरवार, काठमाडौं
फोन नं.०१-४२०००००

पत्र संख्याः २०७६/७७
चलानी नं. ८६

नेपाल सरकार
सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाडौं

मिति २०७६/१०/१२

**विषयः स्थानीयस्तरमा लैंगिक हिंसा निवारण कोष स्थापना गर्ने सम्वन्धमा ।**

श्री स्थानीय तह ( सवै)

प्रस्तुत विषयमा महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयको च.नं. १२२ मिति २०७६।१०।०९ को **स्थानीयस्तरमा लैंगिक हिंसा निवारण कोष स्थापना गर्ने** सम्वन्धिको पत्र यसै साथ संलग्न छ । उक्त पत्रबाट व्यहोरा अवगत गर्नु भई सोहि अनुसार गर्ने व्यवस्थाको लागि मिति २०७६।१०।०१२ को निर्देशानुसार अनुरोध छ ।

<u>वोधार्थ</u>

श्री सूचना तथा प्रविधि शाखा, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय - Web-site मा अपलोड गरिदिनुहुन ।

०७६/१०/१२
(सुभद्रा सुवेदी)
शाखा अधिकृत

स्था-तना.शा

नेपाल सरकार
महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय
(लैंगिक हिंसा निवारण शाखा)

सिंहदरबार, काठमाण्डौं
फोन नं. :४२००५०२
फ्याक्स : ४२००११६
email:gbvps.mowcsw@

visit Nepal 2020

पत्र संख्या :- ०७६।७७(लै.हि.नि.)
च.नं. :- १२२

मिति :-२०७६/१०/०९

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
दर्ता नं.:- १०९६९
मिति:- २०७६/१०/९

श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
सिंहदरबार, काठमाडौं ।

विषय : स्थानीयस्तरमा लैंगिक हिंसा निवारण कोष स्थापना गर्ने सम्बन्धमा ।

उपरोक्त सम्बन्धमा नेपालको संविधानमा लैंगिक विभेदको अन्त्य गर्ने संकल्प सहित महिलालाई लैंगिक भेदभाव विना समान वैशीय हक, सुरक्षित मातृत्व र प्रजनन स्वास्थ्य सम्बन्धी हक, राज्यका सबै निकायमा सामानुपातिक समावेशी सिद्धान्तका आधारमा सहभागी हुने लगायतका मौलिक हकको प्रत्याभूत गरी महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव तथा हिंसा जस्ता जघन्य अपराधलाई दण्डनीय बनाई पीडितलाई क्षतिपूर्ति दिलाउने र शिक्षा, स्वास्थ्य, रोजगारी र सामाजिक सुरक्षामा विशेष अवसरहरुद्वारा लैंगिक समानता कायम गर्ने व्यवस्थाका लागि विगतमा संचालनमा रहेको लैंगिक हिंसा निवारण कोष (संचालन) नियमावली, २०६७ लाई (दोस्रो संशोधन) नियमावली, २०७६ ले विस्थापित गरेको छ ।

मन्त्रिपरिषद्को मिति २०७६/०८/२० को निर्णयानुसार लैंगिक हिंसा निवारण कोष (संचालन) ( दोस्रो संशोधन) नियमावली, २०७६ ले सबै स्थानीय तहमा **स्थानीय लैंगिक हिंसा निवारण कोष** स्थापना गरी लैंगिक हिंसामा परेका पीडित तथा प्रभावितहरुको तत्काल उद्धार, राहत तथा पुनर्स्थापना गर्ने दायित्व सिर्जना गरेको छ । उक्त प्रयोजनका लागि मन्त्रालयले आफ्नो वार्षिक बजेटमा प्रत्येक स्थानीय तहलाई केही रकम छुट्टयाएर अनिवार्य रुपमा उक्त कोष स्थापना गर्नु पर्ने व्यवस्था गरेको हुँदा यस पत्रसाथ संलग्न **लैंगिक हिंसा निवारण कोष (संचालन) (दोस्रो संशोधन) नियमावली, २०७६ र** सबै स्थानीय तहले **लैंगिक हिंसा निवारण कोष स्थापना तथा विस्तारका लागि सशर्त अनुदान रकम खर्च सम्बन्धी मापदण्ड, २०७६** लाई सबै स्थानीय तहसम्म उपलब्ध गराईदिन र स्थानीयस्तरमा संचालनमा रहेका लैंगिक हिंसा निवारण कोषको विवरण उपलब्ध गराई सहयोग र समन्वय गरिदिनु हुन निर्णयानुसार अनुरोध गर्दछु ।

२०७६/१०/०९
(रोशनी देवी कार्की)
उपसचिव

**सादर अवगतार्थः**
मा. मन्त्रीज्यू, म. बा. तथा ज्ये.ना.म.,
श्रीमान् सचिवज्यू, म. बा. तथा ज्ये.ना.म.,
सबै महाशाखा प्रमुखज्यूहरु म. बा. तथा ज्ये.ना.म. ।

शा.अ. श्री शुभद्राजी (बन्दनाजी)
अनुरोध गर्दै आए बमोजिम सबै स्थानीय तहलाई जानकारी गराउनु ।
२०७६/१०/१०

नेपाल सरकार

# प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्या :-
च.नं. :- मं.बै. ३२१/४२५२

मितिः २०७६/९/२८

श्री सचिव,
महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय ।

लैंगिक हिंसा निवारण कोष (सञ्चालन) (दोस्रो संशोधन) नियमावली, २०७६ लाई स्वीकृत गर्ने विषय मं.प.बै.सं. ४३/०७६ मिति २०७६/९/२८ को मन्त्रिपरिषद्को बैठकमा पेश हुँदा त्यसमा नेपाल सरकार, मन्त्रिपरिषद्ले देहायबमोजिम निर्णय गरेकोले सोबमोजिम कार्यान्वयन हुन नेपाल सरकार (कार्यसम्पादन) नियमावली, २०६४ को नियम २९ बमोजिम अनुरोध गरेको छु–

<u>नेपाल सरकारको निर्णय</u>–

"लैंगिक हिंसा निवारण कोष (सञ्चालन) (दोस्रो संशोधन) नियमावली, २०७६ लाई स्वीकृत गर्ने विषयको महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयको दर्ता नं. १२/१३-०७६।६।१५ को प्रस्ताव मं.प.बै.सं. ३०/०७६ मिति २०७६।६।३० को मन्त्रिपरिषद्को बैठकमा पेश हुँदा "मन्त्रिपरिषद्, विधेयक समितिमा छलफल गरी पेश गर्ने" निर्णय भएअनुसार मिति २०७६।८।२० मा बसेको मन्त्रिपरिषद्, विधेयक समितिको बैठकबाट परिमार्जन गरिएको यसैसाथ संलग्न "लैंगिक हिंसा निवारण कोष (सञ्चालन) (दोस्रो संशोधन) नियमावली, २०७६" स्वीकृत गर्ने ।"

(लोकदर्शन रेग्मी)
मुख्यसचिव

टेलिफोन : ४२११०२५, ४२११०४०, ४२११०३५, ४२११०८०, ४२११०७३, ४२११०२१, ४२११०३८
फ्याक्स : ४२११०६५, ४२११०८६, ४२११०३८, ४२११०२१, ४२११०४७, पो.ब.नं. : २३३१२ काठमाडौं, नेपाल
इमेल : info@opmcm.gov.np
वेब साइट : http://www.opmcm.gov.np

<u>लैङ्गिक हिंसा निवारण कोष (सञ्चालन) (दोस्रो संशोधन) नियमावली, २०७६</u>

लैङ्गिक हिंसा निवारण कोष (सञ्चालन) नियमावली, २०६७ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०१३ को दफा २ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरू बनाएको छ ।

१. <u>संक्षिप्त नाम र प्रारम्भ</u> : (१) यी नियमहरूको नाम "लैङ्गिक हिंसा निवारण कोष (सञ्चालन) (दोस्रो संशोधन) नियमावली, २०७६" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. <u>लैङ्गिक हिंसा निवारण कोष (सञ्चालन) नियमावली, २०६७ को नियम २ मा संशोधन</u> : लैङ्गिक हिंसा निवारण कोष (सञ्चालन) नियमावली, २०६७ (यस पछि "मूल नियमावली" भनिएको) को नियम २ को,-

(१) खण्ड (क) को सट्टा देहायको खण्ड (क) राखिएको छ :-

"(क) "स्थानीय तह" भन्नाले गाउँपालिका वा नगरपालिका सम्झनु पर्छ ।"

(२) खण्ड (ग) पछि देहायको खण्ड (ग१) थपिएको छ :-

"(ग१) "प्रदेश वा स्थानीय तत्काल उद्धार तथा राहत समिति" भन्नाले नियम ११ बमोजिम प्रदेश तथा स्थानीय तहमा गठन हुने प्रदेश वा स्थानीय तत्काल उद्धार तथा राहत समिति सम्झनु पर्छ ।"

(३) खण्ड (घ) को सट्टा देहायको खण्ड (घ) राखिएको छ :-

"(घ) "मन्त्रालय" भन्नाले महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय सम्झनु पर्छ।"

(४) खण्ड (ङ) झिकिएको छ ।"

३. <u>मूल नियमावलीमा नियम ३क. र ३ख. थप</u> : मूल नियमावलीको नियम ३ पछि देहायका नियम ३क. र ३ख. थपिएका छन् :-

"३क. <u>प्रदेश लैङ्गिक हिंसा निवारण कोष</u> : (१) प्रदेशले लैङ्गिक हिंसा न्यूनीकरणको लागि प्रदेश कानून बमोजिम प्रदेश लैङ्गिक हिंसा निवारण कोष स्थापना गर्न सक्नेछ ।

(२) उपनियम (१) बमोजिमको कोषमा रहेको रकम सम्बन्धित प्रदेशले नियम ५ को उपनियम (१) बमोजिमको कामको लागि मात्र प्रयोग गर्नु पर्नेछ ।

(३) उपनियम (१) बमोजिमको कोषको उपयोग, सञ्चालन तथा व्यवस्थापन प्रदेश कानून बमोजिम हुनेछ ।"

"३ख. स्थानीय लैङ्गिक हिंसा निवारण कोष : (१) स्थानीय तहले स्थानीय कानून बमोजिम स्थानीय लैङ्गिक हिंसा निवारण कोष स्थापना गर्न सक्नेछ ।

(२) उपनियम (१) बमोजिमको कोषमा रहेको रकम सम्बन्धित स्थानीय तहले नियम ५ को उपनियम (१) बमोजिमको कामको लागि मात्र प्रयोग गर्नु पर्नेछ ।

(३) उपनियम (१) बमोजिमको कोषको उपयोग, सञ्चालन तथा व्यवस्थापन स्थानीय कानून बमोजिम हुनेछ।"

४. मूल नियमावलीको नियम ४ मा संशोधन : मूल नियमावलीको नियम ४ मा रहेको "महिला" भन्ने शब्दपछि "तथा बालबालिकाको" भन्ने शब्दहरू थपिएका छन् ।

५. मूल नियमावलीको नियम ५ मा संशोधन : मूल नियमावलीको नियम ५ को,-

(१) उपनियम (१) को,-

(१) खण्ड (घ) मा रहेको "व्यवसाय" भन्ने शब्द पछि "वा स्वरोजगार" भन्ने शब्दहरु राखिएका छन्।

(२) खण्ड (ङ) पछि देहायको खण्ड (ङ१) थपिएको छः-

"(ङ१) लैङ्गिक हिंसा र यौनजन्य दुर्व्यवहारको कसूरबाट पीडितले प्रचलित कानून बमोजिम कसूरदारबाट प्राप्त गर्नुपर्ने क्षतिपूर्ति त्यस्तो कसूरदारको कुनै सम्पत्ति नभएको कारणबाट प्राप्त गर्न नसक्ने देखिई अदालतको आदेश बमोजिमको रकम पीडितलाई क्षतिपूर्ति स्वरुप भराउन लेखी आएमा त्यस्तो क्षतिपूर्ति दिन,"

(२) उपनियम (२) पछि देहायको उपनियम (३) थपिएको छः-

"(३) उपनियम (१) बमोजिम कोषको उपयोगको लागि मन्त्रालयले आवश्यकता अनुसार कार्यविधि बनाई लागू गर्न सक्नेछ।"

६. मूल नियमावलीको नियम ६ मा संशोधन : मूल नियमावलीको नियम ६ को उपनियम (२) मा रहेका "समिति र राहत" भन्ने शब्दहरु झिकिएका छन्।

७. मूल नियमावलीको नियम ७ मा संशोधन : मूल नियमावलीको नियम ७ को उपनियम (२) को,-

(१) खण्ड (क) र (छ) मा रहेका "महिला, बालबालिका तथा समाज कल्याण" भन्ने शब्दहरू झिकिएका छन् ।

(२) खण्ड (घ) पछि देहायका खण्ड (घ१) र (घ२) थपिएका छन् :-

"(घ१) सहसचिव, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय -सदस्य



नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबार, काठमाडौं

(घ२) सहसचिव, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय -सदस्य ।"

(३) खण्ड (ङ) मा रहेका "महिला तथा बालबालिका" भन्ने शब्दहरु पछि "सेवा" भन्ने शब्द थपिएको छ ।

८. मूल नियमावलीको नियम ८ मा संशोधन : मूल नियमावलीको नियम ८ को,-

(१) खण्ड (ख) मा रहेका "कार्यालयको नाममा" भन्ने शब्दहरुको सट्टा "स्थानीय लैङ्गिक हिंसा निवारण कोषमा" भन्ने शब्दहरु राखिएका छन् ।

(२) खण्ड (ग) को सट्टा देहायको खण्ड (ग) राखिएको छ :-

"(ग) स्थानीय लैङ्गिक हिंसा निवारण कोषको अनुगमन गर्ने वा गराउने ।"

(३) खण्ड (ङ) मा रहेका "सीपमूलक तालीम" भन्ने शब्दहरुको सट्टा "स्वरोजगार वा सीपमूलक तालीम" भन्ने शब्दहरू राखिएका छन्।

(४) खण्ड (छ) पछि देहायको खण्ड (छ१) थपिएको छः-

"(छ१) पीडितको तत्काल उद्धार, राहत र पुनर्स्थापनाको लागी राहत, आर्थिक सहयोग तथा अन्य सामग्री उपलव्ध गराउने।"

९. मूल नियमावलीको नियम १० मा संशोधनः मूल नियमावलीको नियम १० को सट्टा देहायको नियम १० राखिएको छ :-

"१०. रकम उपलव्ध गराउने : (१) पीडितलाई राहत तथा आर्थिक सहयोग उपलव्ध गराउनको लागि सञ्चालक समितिले कोषबाट स्थानीय लैङ्गिक हिंसा निवारण कोषमा आवश्यकता अनुसार अनुदान रकम निकासा दिनेछ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि स्थानीय लैङ्गिक हिंसा निवारण कोषको स्थापना नभएसम्म सम्बन्धित स्थानीय तह वा सम्बन्धित जिल्लाको जिल्ला प्रशासन कार्यालयबाट सिफारिस भई आएमा सञ्चालक समितिले तत् तत् स्थानीय तहको नाममा रकम निकासा दिन सक्नेछ ।

(३) उपनियम (१) र (२) बमोजिम प्राप्त भएको रकम तथा सोबाट भएको खर्च सम्बन्धी विवरण सम्बन्धित स्थानीय तहले त्रैमासिक रूपमा मन्त्रालयमा पठाउनु पर्नेछ ।"

१०. मूल नियमावलीमा नियम १०क. थप : मूल नियमावलीको नियम १० पछि देहायको नियम १०क. थपिएको छ :-

"१०क. केन्द्रीय तत्काल उद्धार तथा राहत समितिको गठन : (१) लैङ्गिक हिंसामा परेका महिला, किशोरी तथा बालबालिकाको तत्काल उद्धार लगायतका कार्य गर्न केन्द्रीय स्तरमा देहाय बमोजिमको केन्द्रीय तत्काल उद्धार तथा राहत समिति रहनेछ :-



नेपाल सरकार ... तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबार, काठमाडौं

(क) सहसचिव, मन्त्रालय -संयोजक

(ख) प्रतिनिधि (कम्तीमा उपसचिवस्तर), गृह मन्त्रालय, -सदस्य

(ग) वरिष्ठ प्रहरी उपरीक्षक, महिला तथा बालबालिका सेवा निर्देशनालय -सदस्य

(घ) प्रतिनिधि (कम्तीमा उपसचिवस्तर), राष्ट्रिय महिला आयोग -सदस्य

(ङ) प्रतिनिधि (कम्तीमा उपसचिवस्तर), स्वाथ्य तथा जनसङ्ख्या मन्त्रालय -सदस्य

(च) लैङ्गिक हिंसा निवारणको क्षेत्रमा कार्यरत गैरसरकारी संस्थाहरु मध्येबाट केन्द्रीय तत्काल उद्धार तथा राहत समितिले तोकेको संस्थाको प्रतिनिधि एक जना -सदस्य

(छ) शाखा प्रमुख (लैङ्गिक हिंसा निवारण शाखा), मन्त्रालय -सदस्य-सचिव।

(२) उपनियम(१) को खण्ड (च) बमोजिमको सदस्यको पदावधि दुई बर्षको हुनेछ।

(३) उपनियम (१) बमोजिमको समितिको सचिवालय मन्त्रालयमा रहनेछ ।

(४) उपनियम (१) बमोजिमको समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) कुनै सञ्चार माध्यमबाट प्रकाशित, प्रसारित समाचार वा प्राप्त सूचनाका आधारमा त्यस्ता घटनाका सम्बन्धमा प्रदेश तथा स्थानीय तहमा तत्काल उद्धारको काम भए, नभएको सम्बन्धमा जानकारी लिने,

(ख) नियम ११ बमोजिमको प्रदेश वा स्थानीय तत्काल उद्धार तथा राहत समितिलाई आवश्यक निर्देशन दिने,

(ग) तत्काल उद्धार गर्न आवश्यक सहजीकरण र समन्वय गर्ने,

(घ) सङ्घ, प्रदेश र स्थानीय तहमा लैङ्गिक हिंसामा परेका महिला, किशोरी तथा बालबालिकाको तत्काल उद्धार, संरक्षण तथा व्यवस्थापन गर्न आवश्यक योजना तथा कार्यक्रम बनाई कार्यान्वयन गर्ने र सोको प्रतिवेदन मन्त्रालयमा पेश गर्ने,



नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालय सिंहदरबार, काठमाडौं

(१) उपनियम (१) मा रहेको "कार्यालयमा" भन्ने शब्दको सट्टा "स्थानीय तत्काल उद्धार तथा राहत समितिमा अनुसूची बमोजिमको ढाँचामा" भन्ने शब्दहरु राखिएका छन् ।

(२) उपनियम (२) मा रहेका "राहत समितिले" भन्ने शब्दहरूको सट्टा "स्थानीय तत्काल उद्धार तथा राहत समितिले" भन्ने शब्दहरू राखिएका छन् ।

१४. मूल नियमावलीको नियम १४क. मा संशोधनः मूल नियमावलीको नियम १४क. को उपनियम (१) को सट्टा देहायको उपनियम (१) राखिएको छ :-

"(१) यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि जलाइएको, एसिड प्रयोग गरी वा छर्की वा त्यस्तो पदार्थले पोलेको लगायतका गम्भीर प्रकृतिका घटनाका पीडितलाई उद्धार, औषधि उपचार, पुनर्स्थापना वा राहत लगायतको प्रयोजनको लागि तत्काल आर्थिक सहयोग प्रदान नगरेमा गम्भीर मानवीय क्षति हुने देखिएमा र सञ्चालक समितिको तत्काल बैठक बस्ने अवस्था नरहेमा सञ्चालक समितिको अध्यक्षले आवश्यकता र औचित्यताका आधारमा मनासिव रकम कोषबाट पीडितलाई उपलव्ध गराउन सक्नेछ ।"

१५. मूल नियमावलीको नियम १६ मा संशोधन : मूल नियमावलीको नियम १६ को,-

(१) उपनियम (१) को सट्टा देहायको उपनियम (१) राखिएको छ :-

"(१) स्थानीय तहले नियम १० बमोजिम प्राप्त भएको रकम स्थानीय लैङ्गिक हिंसा निवारण कोषको नाममा कुनै वाणिज्य बैङ्कमा छुट्टै खाता खोली जम्मा गर्नु पर्नेछ ।"

(२) उपनियम (२) मा रहेका "कार्यालय प्रमुख" भन्ने शब्दहरूको सट्टा "प्रमुख प्रशासकीय अधिकृत" भन्ने शब्दहरू राखिएका छन् ।

१६. मूल नियमावलीको नियम १९ मा संशोधन : मूल नियमावलीको नियम १९ को उपनियम (१) को सट्टा देहायको उपनियम (१) राखिएको छ :-

"(१) प्रदेश तथा स्थानीय तत्काल उद्धार तथा राहत समितिले सो समितिबाट भए गरेका काम कारबाहीको वार्षिक प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको तीन महिनाभित्र सञ्चालक समितिमा पठाउनु पर्नेछ ।"

१७. मूल नियमावलीको नियम २० मा संशोधन : मूल नियमावलीको नियम २० मा रहेको "समिति वा राहत" भन्ने शब्दहरु झिकिएका छन् ।

१८. मूल नियमावलीमा अनुसूची थप : मूल नियमावलीमा यसैसाथ संलग्न अनुसूची थपिएको छ ।

१९. मूल नियमावलीमा नियम २२ थप : मूल नियमावलीको नियम २१ पछि देहायको नियम २२ थपिएको छ :-



नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबार, काठमाडौं

"२२. <u>अनुसूचीमा संशोधन</u> : मन्त्रालयले आवश्यकता अनुसार नेपाल राजपत्रमा सूचना प्रकाशन गरी अनुसूचीमा संशोधन वा थपघट गर्न सक्नेछ।"

२०. <u>खारेजी</u> : मूल नियमावलीको नियम १२ र १५ खारेज गरिएका छन् ।

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सिंहदरबार, काठमाडौं

अनुसूची

(नियम १४ को उपनियम (१) सँग सम्बन्धित)

विषय : सहयोग उपलव्ध गराई पाउँ ।

श्री अध्यक्षज्यू,
स्थानीय तत्काल उद्धार तथा राहत समिति.......................... ।

म............................... मा बस्ने वर्ष........................को.......................... मिति ......................मा लैंगिक हिंसाबाट पीडित भएको छु। मेरो आर्थिक स्तर ज्यादै कमजोर रहेको छ । म उपर लैंगिक हिंसा (.......................) भएको कारणले मेरो मानसिक/शारीरिक/सामाजिक अवस्था कमजोर भई अशक्त अवस्थामा रहेको हुनाले मलाई औषधि उपचार/कानूनी सहायता एवं परामर्श/ उद्धार/ मनोविमर्श/ स्वरोजगार/ पुनर्स्थापना/ अन्य ......................कामको लागि सहयोगको आवश्यकता परेको हुँदा स्थानीय लैंगिक हिंसा निवारण कोषबाट नियमानुसार सहयोग रकम उपलव्ध गराई दिनु हुन यो निवेदन पेश गरेको छु ।

निवेदकको,-
नाम, थर .........................
ठेगाना ............................
दस्तखत .........................
मिति ...............................

# सबै स्थानीय तहले लैंगिक हिंसा निवारण कोष स्थापना तथा बिस्तारका लागि सशर्त अनुदान रकम खर्च सम्वन्धी मापदण्ड, २०७६

पृष्ठभूमिः

नेपालको संविधानमा लैङ्गिक विभेदको अन्त्य गर्ने संकल्पसहित महिलालाई लैङ्गिक भेदभावविना समान वंशीय हक, सुरक्षित मातृत्व र प्रजनन स्वास्थ्य सम्बन्धी हक, राज्यका सबै निकायमा समानुपातिक समावेशी सिद्धान्तको आधारमा सहभागी हुने लगायतका मौलिक हकको प्रत्याभूत गरी महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव तथा हिंसा जस्ता जघन्य अपराधलाई दण्डनीय बनाई पीडितलाई क्षतिपूर्ति दिलाउने र शिक्षा, स्वास्थ्य, रोजगारी र सामाजिक सुरक्षामा विशेष अवसरद्वारा लैंगिक समानता कायम गर्ने व्यवस्था भएअनुरूप महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयले महिलामाथि हुने सबै प्रकारका हिंसा, विभेद, गलत अभ्यास आदिका विरुद्धमा विभिन्न महत्वपूर्ण कार्यक्रम संचालन तथा सोको लागि वार्षिक रुपमा बजेट विनियोजन गर्दै आएको छ। संघीय संरचनाअनुसार मन्त्रालयले गर्दै आएका कार्यहरु प्रदेश तथा स्थानीय तहबाट संचालन हुँदै आएका छन् । जिल्लास्थित महिला तथा बालबालिका कार्यालयबाट संचालन भएका लैंगिक हिंसा, घरेलु हिंसा, मानव बेचबिखनबाट पीडित, प्रभावितहरुका लागि संचालित अल्पकालीन सेवा केन्द्रहरु हाल कतिपय स्थानीय तहबाट संचालनमा आएका छन् भने कतिपय पुनः सुचारु गर्नुपर्ने अवस्थामा रहेका छन्।

आ.व.२०७६ /७७ को स्वीकृत वार्षिक कार्यक्रममा रहेको राष्ट्रपति महिला उत्थान कार्यक्रम अन्तर्गत "७५३ वटै स्थानीय तहमा लैंगिक हिंसा निवारण कोष स्थापना तथा बिस्तार" कार्यक्रमका लागि पचहत्तर लाख तीस हजार रुपैया विनियोजित भई मन्त्रालयबाट ७५३ वटै स्थानीय तहलाई दश हजार रुपैयाका दरले विभाजन गरी पठाइएको छ। लैंगिक हिंसा निवारण कोष (संचालन) नियमावली, २०६७ बमोजिम रहने कोषको रकमबाट पीडितलाई तत्काल उद्धार गर्न, औषधी उपचार गर्न, कानूनी सहायता, मनोवैज्ञानिक उपचार लगायतमा खर्च गर्नुपर्ने प्रावधान रहेकोमा सो नियमावली हाल संशोधनको क्रममा रहेकोले सोही नियमावलीको भावनाअनुरूप पीडितलाई तत्काल उद्धार, राहत तथा पुनर्स्थापना गर्ने कार्यको लागि लैंगिक हिंसा निवारण कोष स्थापना गरी सो कोषबाट पीडित तथा प्रभावितलाई रकम प्रदान गर्ने कार्यलाई सरल, सहज एवं एकरूप बनाउने उद्देश्यले मन्त्रालयले यो मापदण्ड बनाई लागु गरेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस मापदण्डको नाम "सबै स्थानीय तहमा लैंगिक हिंसा निवारण कोष स्थापना तथा बिस्तारका लागि प्रदान गरिएको सशर्त अनुदान रकम खर्च सम्बन्धी मापदण्ड, २०७६" रहेको छ ।

(२) यो मापदण्ड मन्त्रालयबाट स्वीकृत भएपछि लागू हुनेछ ।

२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस मापदण्डमा,-

(क) "मन्त्रालय" भन्नाले महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय सम्झनु पर्छ ।

(ख) "मापदण्ड" भन्नाले सबै स्थानीय तहमा लैंगिक हिंसा निवारण कोष स्थापना तथा बिस्तारका लागि प्रदान गरिएको सशर्त अनुदान खर्चको मापदण्ड, २०७६ सम्झनु पर्छ ।

(ग) "रकम" भन्नाले सबै स्थानीय तहमा लैंगिक हिंसा निवारण कोष स्थापना तथा बिस्तारका लागि प्रदान गरिएको सशर्त अनुदान रकम सम्झनु पर्छ ।

३. <u>रकम उपलव्ध गराउने</u> : सबै स्थानीय तहले यस मापदण्ड बमोजिम देहायको कामको लागि रकम उपलव्ध गराउनेछ :-

(क) पीडितलाई तत्काल उद्धार गर्न,

(ख) पीडितलाई औषधी उपचार गर्न,

(ग) पीडितलाई तत्काल उपचार गराउँदा लागेको खर्च पीडकले तत्काल व्यहोर्न नसक्ने भई अदालतको आदेशबमोजिम त्यस्तो पीडितको स्वास्थ्य उपचार गर्न,

(घ) संकटापन्न अवस्थामा रहेका महिला, बालबालिका, ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरुको लागि अल्पकालीन सेवा केन्द्र संचालनको लागि माग भई आएमा त्यस्तो केन्द्रको लागि रकम प्रदान गर्न,

(ङ) प्रदेश अन्तर्गत जिल्लामा स्थापना भई संचालन भैरहेका तथा मन्त्रालयले स्थानीय तहमा हस्तान्तरण गरेका अल्पकालीन सेवा केन्द्र संचालनको लागि रकम प्रदान गर्न,

(च) पीडितलाई कानूनी सहायता, मनोवैज्ञानिक उपचार तथा मनोविमर्श लगायतका सेवा प्रदान गर्न,

(छ) सीपमूलक तालिम प्राप्त पीडितलाई स्वरोजगारका लागि व्यवसाय स्थापना खर्च रकम अनुदानको रूपमा प्रदान गर्न,

(ज) हिंसापीडित र प्रभावित महिलाका लागि पुनर्स्थापना केन्द्र संचालन गर्न,

(झ) पीडितलाई पुनर्स्थापना गराउन,

(ट) मन्त्रालय विपक्षी भएको लैङ्गिक हिंसा र यौनजन्य दुर्व्यवहारको कसूरबाट पीडितले प्रचलित कानून बमोजिम कसूरदारबाट प्राप्त गर्नुपर्ने क्षतिपूर्ति त्यस्तो कसूरदारको कुनै सम्पत्ति नभएको कारणबाट प्राप्त गर्न नसक्ने देखिई अदालतको आदेश बमोजिमको रकम पीडितलाई क्षतिपूर्ति स्वरुप भराउन ।

४. <u>रकमको उपयोग</u>: (१) सबै स्थानीय तहले सरोकारवाला निकायको संलग्नतामा स्थानीय राहत समिति गठन गरी पीडितलाई राहत प्रदान गर्नु पर्नेछ ।

(२) सबै स्थानीय तहको राहत समितिले उपदफा (१) बमोजिम पीडितलाई रकम उपलव्ध गराउँदा देहाय बमोजिमको रकमको हद र आधार लिनु पर्नेछ :-

(क) पीडितलाई तत्काल उद्धार, औषधि उपचार, पुनर्स्थापना वा राहत तथा आर्थिक सहयोग प्रदान नगरेमा गम्भीर तथा मानवीय क्षति हुने देखिएको र सोको लागि प्रदेश राहत समितिले कुनै रकम उपलव्ध नगराएको वा गराउन सम्भव हुने अवस्था नदेखिएकोमा प्रदेश राहत समितिको अध्यक्षले सो प्रयोजनका लागि पचास हजार रुपैयामा नबढ्ने गरी मनासिब रकम,

(ख) हिंसापीडितले कुनै सीपमूलक तालिम प्राप्त गरी व्यवसाय सञ्चालन गर्नका लागि वस्तुगत तथा नगद अनुदान माग गरेमा बढीमा प्रतिव्यक्ति बीस हजार,

(ग) पीडितलाई कानूनी सहायता, मनोवैज्ञानिक उपचार, मनोसामाजिक विमर्श सेवाको लागि पाँच हजार रुपैयासम्म,

(घ) पीडितलाई तत्काल उद्धार गर्नुपर्ने भएमा सवारी साधनबाट यात्रा गर्दा लाग्ने भाडा रकम, खाना खर्चबापत प्रतिदिन तीन सय रुपैया र बास बस्नुपर्ने भए सो बापत छुट्टै रकम दिनुपर्ने भएमा प्रतिदिन पाँचसय रुपैयाको दरले बढीमा पाँच हजार रुपैयासम्म,

(ङ) प्रदेश राहत समितिले घटनाको प्रकृति पीडितको अवस्था समेतलाई विचार गरी दश हजार रुपैयासम्म,

(च) पीडितलाई अस्पतालमा भर्ना गरी औषधी उपचार गर्नुपर्ने भएमा अस्पताल आउँदाजाँदा सवारी साधन प्रयोग गर्नुपर्ने भए सार्वजनिक सवारी साधन प्रयोग गर्दा लाग्ने भाडा रकम, खाना खर्चवापत प्रतिदिन तीनसय रुपैयाँ, अस्पतालमा बस्ने व्यवस्था नभई बाहिर बस्नुपरेमा बढीमा पाँच दिनको बास खर्च वापत प्रतिदिन पाँच सय रुपैयाँ र उपचार खर्चसमेत गरी बढीमा छ हजार पाँच सय रुपैयाँमा नबढ्ने गरी लागेको यथार्थ खर्च,

(छ) पीडितसगँ कुनै बालबच्चा भए बालबच्चाका लागि पीडित सरहको खाना खर्च रकम ।

५. <u>निवेदन दिनु पर्नेः</u> (१) यस मापदण्ड बमोजिम राहत तथा आर्थिक सहयोग प्राप्त गर्न चाहने पीडितले राहत तथा आर्थिक सहयोग पाउनुपर्ने मनासिब कारण खुलाई स्थानीय तहमा निवेदन दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम प्राप्त निवेदन उपर जाँचबुझ गर्दा पीडितलाई राहत तथा आर्थिक सहयोग गर्नुपर्ने मनासिब आधार देखिएमा प्रदेश मन्त्रालयले दफा ४ को अधीनमा रही पीडितलाई रकम उपलव्ध गराउनु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम प्राप्त निवेदन उपर जाँचबुझ गर्दा पीडितलाई रकम उपलब्ध गराउनु पर्ने मनासिब आधार नदेखिएमा स्थानीय तहले सोको जानकारी निवेदकलाई गराउनु पर्नेछ ।

(४) उपदफा (२) बमोजिम उपलव्ध गराइएको रकमको प्रगति विवरण चौमासिक र वार्षिक रूपमा मन्त्रालयमा पठाउनु पर्नेछ ।